मा. मन्त्रीस्तरबाट मिति २०८१।०७।०१ मा स्वीकृत

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१




सिंहदरबार, काठमाडौं

२०८१

# दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

माननीय मन्त्रीस्तरको मिति २०८१।०७।०१ को निर्णय अनुसार स्वीकृत

**प्रस्तावना:** दिगो विकासको अवधारणामा रही कानूनको परिपालना र सुशासन, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सामुदायिक पद्धति र सांस्कृतिक मूल्यमान्यता, वनको उत्पादन र उत्पादकत्व वृद्धि, वातावरणीय सुरक्षा एवं अनुगमन, मूल्याङ्कन, अनुसन्धान र ज्ञान व्यवस्थापन लगायतका वन व्यवस्थापनका मूलभूत सिद्धान्तहरु पालना गरी उपयुक्त वन व्यवस्थापन पद्धति अपनाई वन पैदावारको वर्तमान माग आपूर्तिमा योगदान पुर्‍याउंदै भावीपिंढीका लागि वन माथिको पहुँच सुनिश्चित हुने गरी वन नियमावली, २०७९ को नियम १५ मा व्यवस्था भए बमोजिम वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनको कार्यान्वयन र प्रमाणीकरण गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ को उपनियम (१) अनुसारको अनुसूची-२ को बुँदा नं. १४ को खण्ड १८ अनुसार यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

(३) यो मापदण्ड स्वैच्छिक हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "वन व्यवस्थापक" भन्नाले सामुदायिक वन उपभोक्ता समूहहरु, साझेदारी वन उपभोक्ता समूहहरु, डिभिजन र सब डिभिजन वन कार्यालयहरुलाई जनाउँछ।

(ख) "वन संवर्द्धन प्रणाली" भन्नाले वनबाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरुत्पादन नियमन गर्न अवलम्बन गरिने छनौट प्रणाली, माउरूख प्रणाली, छत्र प्रणाली, सरपट कटान प्रणाली लगायतका वन संवर्द्धन प्रणाली (सिल्भिकल्चरल सिष्टम) सम्झनुपर्छ।

(ग) "प्रमाण" भन्नाले सूचक मापनका लागि प्रयोग गरिने तथ्य र आधारहरुलाई जनाउँछ।

(घ) "मापदण्ड" भन्नाले सिद्धान्तको उद्देश्य पुरा हुने गरी मापनका लागि तय गरिएका आधारहरुलाई जनाँउछ ।

(ङ) "सिद्धान्त" भन्नाले वन व्यवस्थापनको मूल मान्यता र आदर्शलाई जनाउँछ।

(च) "सूचक" भन्नाले मापदण्डको उद्देश्य पुरा हुने गरी मापनका लागि तय गरिएका आधारहरुलाई जनाउँछ।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-२
## दिगो वन व्यवस्थापनका सिद्धान्त, मापदण्ड र सूचकहरु

**३. कानूनको परिपालना र सुशासन (सिद्धान्त १) :** (१) वन व्यवस्थापकले दिगो वन व्यवस्थापनका लागि कानून र सुशासनको सिद्धान्त पालना गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) को सिद्धान्त परिपालनाका लागि खण्ड (क) देखि (च) सम्मका मापदण्ड पुरा गर्न सूचकसाथ संलग्न प्रमाणको आधारमा देहायका सूचकहरुको परीक्षण गर्नु पर्नेछ।

**(क) मापदण्ड १.१: वनको व्यवस्थापन गर्ने वन व्यवस्थापक प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय वा समूह हुनु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वनको व्यवस्थापन र यससँग सम्वन्धित क्रियाकलापहरु सञ्चालनका लागि वन कार्यालय वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको उपभोक्ता समूह वा निकाय रहनेछ। | • उपभोक्ता समूहको विधान र दर्ता प्रमाण पत्र।<br>• वन कार्यालयको स्वीकृत संगठन संरचना। |
| २. प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको निकायबाट स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वनको संरक्षण, विकास, व्यवस्थापन र सदुपयोग भएको हुनेछ। | • स्वीकृत वन व्यवस्थापन कार्ययोजना। |

**(ख) मापदण्ड १.२: वन पैदावारको चोरी निकासी, अतिक्रमण तथा अन्य गैरकानूनी क्रियाकलापहरु नियन्त्रण गरी वनलाई व्यवस्थित रुपमा संरक्षण गर्नको लागि उपयुक्त उपायहरुको अवलम्वन गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वन व्यवस्थापन योजनामा वन पैदावारको चोरी निकासी, चोरी शिकार, गैरकानुनी संकलन गर्ने, वन अतिक्रमण गर्ने जस्ता अवैधानिक क्रियाकलापहरु नियन्त्रणका उपायहरु उल्लेख भएको हुनेछ। | • स्वीकृत वन व्यवस्थापन कार्ययोजना। |
| २. वन पैदावारको चोरी निकासी, चोरी शिकारी, पासो थाप्ने, गैरकानूनी संकलन गर्ने, वन अतिक्रमण गर्ने जस्ता अवैधानिक क्रियाकलाप नियन्त्रणका उपायहरुको पूर्ण पालना भएको हुनेछ। | • अवलम्वन गरिएका उपायहरुको अभिलेख। |
| ३. वनभित्र वा बाहिर गैरकानूनी र अवैध कार्यहरु भएको पत्ता लागेमा तत्काल प्रचलित कानून बमोजिम नियमनकारी निकायसंगको समन्वयमा सम्बोधनका उपायहरु लागू गरिएको हुनेछ। | • अवैध कारोवार भए नभएको अभिलेख।<br>• स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार कारबाही गरेको अभिलेख।<br>• कानून बमोजिमको निकायमा मुद्दा दायर भएको अभिलेख। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

(ग) मापदण्ड १.३: वन पैदावारको संकलन, बिक्री-वितरण, ओसारपसार र व्यापार गर्दा प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानून एवं नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धिहरुको पालना गर्नु पर्नेछ।

| सूचक | प्रमाण |
|---|---|
| १. वन पैदावारको संकलन, बिक्री-वितरण, ओसारपसार र व्यापार गर्दा प्रचलित कानून तथा वन कार्ययोजनामा व्यवस्था भए बमोजिम निर्धारित प्रक्रिया पुरा भएको हुनेछ। | • अधिकारप्राप्त निकाय वा समूहको निर्णय, छपान रजिष्टर, संकलन अनुमति, घाटगद्दी रजिष्टर, छोडपुर्जी। |
| २. वन पैदावारको संकलन, बिक्री, वन पैदावारको ओसार पसार र व्यापार गर्दा अनुमोदन गरिएका अन्तर्राष्ट्रिय महासन्धि र बाध्यात्मक किसिमका आचारसंहिताको पालना भएको हुनेछ। | • पालना भएको जनाउने निर्णय, इजाजतपत्र तथा अन्य अभिलेखहरु। |

(घ) मापदण्ड १.४: वन व्यवस्थापनसँग सम्बन्धित प्रथाजनित व्यवस्था र परम्परागत अभ्यासको सम्मान र सम्बोधन गरिएको हुनु पर्नेछ।

| सूचक | प्रमाण |
|---|---|
| १. प्रभावित सरोकारवालाहरुको संलग्नतामा गुनासो सुन्ने र विवाद समाधान गर्ने प्रकृया अवलम्बन गरिएको हुनेछ। | • गुनासो वा विवाद परे नपरेको अभिलेख।<br>• गुनासो संकलन तथा सम्बोधन भएको अभिलेख। |
| २. विवाद समाधान भएको वा विवाद समाधानको प्रयास प्रक्रियामा रहेको छ भन्ने बारेमा समयमा नै सम्बोधन र अभिलेख भै सम्बन्धित पक्षलाई जानकारी गराइएको हुनेछ। | • सार्वजनिक जानकारी प्रकाशन, प्रसारण भएको अभिलेख।<br>• सम्बन्धित पक्षलाई जानकारी गराइएको अभिलेख। |

(ङ) मापदण्ड १.५: वन व्यवस्थापनमा सुशासन प्रवर्द्धन गर्न आवश्यक उपायहरु अवलम्बन गरेको हुनु पर्नेछ।

| सूचक | प्रमाण |
|---|---|
| १. सुशासन प्रवर्द्धन र कार्यान्वयन सम्बन्धी आचारसंहिता तयार र पालना गरी वन व्यवस्थापकबाट सार्वजनिक सेवा प्रभावकारी रुपमा उपलब्ध भएको हुनेछ। | • व्यवस्थापकले तयार गरेको वन व्यवस्थापकको आचारसंहिता।<br>• नागरिक बडापत्र। |
| २. आचारसंहिताको पालना नगरेमा कानूनको दायरामा ल्याईएको हुनेछ। | • कानूनको दायरामा ल्याईएको प्रमाण अभिलेख। |
| ३. साधारण सभा, सार्वजनिक सुनवाई, लेखा परीक्षण जस्ता विषयहरु कार्यान्वयन गरेको हुनेछ। | • बैठक पुस्तिका, लेखा परीक्षण प्रतिवेदन। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

(च) मापदण्ड १.६: वन व्यवस्थापन योजना कार्यान्वयनका लागि वन व्यवस्थापक जवाफदेही हुनु पर्नेछ।

| सूचक | प्रमाण |
| --- | --- |
| १. नयाँ तथा परिमार्जित वन व्यवस्थापन योजना कार्यान्वयन गर्नु कम्तिमा छ महिना अघिदेखि समूहलाई प्राविधिक र संस्थागत रुपमा सुदृढ बनाउन क्षमता विकासका क्रियाकलापहरू संचालन गरिएको हुनेछ। | • संचालन भएको तालिम तथा गोष्ठीको संख्या र सहभागीहरुको लगत। |
| २. व्यवस्थापन क्रियाकलापहरुको अभिलेख व्यवस्थित गरी त्रैमासिक रूपमा जानकारी गराइएको हुनेछ। | • सामूहिक जानकारीको अभिलेख ।<br>• सार्वजनिक सूचना। |
| ३. सामुदायिक र साझेदारी वन समूहमा कोषको प्रयोग समूहको साधारण सभाबाट स्वीकृत वार्षिक बजेट र योजनाको आधारमा परिचालन गरिएको हुनेछ। | • साधारण सभाबाट स्वीकृत कार्यक्रम र बजेट।<br>• लेखापरीक्षण प्रतिवेदन। |
| ४. वित्तीय अभिलेखहरू लेखा परीक्षणको आवश्यकता अनुसार पारदर्शी रूपमा राखिएको हुनेछ। सामुदायिक र साझेदारी वन समूहमा रकम प्राप्ति गर्ने र भुक्तानी दिने कार्य बैंक मार्फत गरिएको हुनेछ। वार्षिक कारोवारको मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गरिएको हुनेछ। | • आम्दानी खर्च रजिष्टर।<br>• बैङ्कको स्टेटमेन्ट।<br>• लेखापरीक्षण प्रतिवेदन। |
| ५. सामुदायिक र साझेदारी वन समूहमा सार्वजनिक लेखापरीक्षण र व्यवस्थापन लेखापरीक्षण समयमै सम्पन्न गरी समूहको साधारण सभाले अनुमोदन गरेको हुनेछ। | • साधारण सभाको निर्णय माईन्युट। |
| ६. सामुदायिक र साझेदारी समूहको वार्षिक वित्तीय अवस्था उपभोक्ता समूह र वन कार्यालयमा कम्तिमा वर्षको एक पटक तोकिएको ढाँचामा पेश गरिएको हुनेछ। | • प्रगति प्रतिवेदन।<br>• बैङ्कको स्टेटमेन्ट।<br>• लेखापरीक्षण प्रतिवेदन। |

**४. लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सांस्कृतिक मूल्यमान्यता (सिद्धान्त २):** (१) वन व्यवस्थापकले दिगो वन व्यवस्थापनका लागि लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सांस्कृतिक मूल्यमान्यताको सिद्धान्त पालना गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) को सिद्धान्त परिपालनका लागि खण्ड (क) देखि (छ) सम्मका मापदण्ड पुरा गर्न सूचकसाथ संलग्न प्रमाणको आधारमा देहायका सूचकहरुको परीक्षण गर्नु पर्नेछ ।

डा. दीपक कुमार खराल
सचिव

सह-सचिव (प्रा.)

(क) मापदण्ड २.१: वन व्यवस्थापन क्रियाकलापबाट प्रभाव पर्ने रैथाने आदिवासी जनजाति र स्थानीय तथा परम्परागत रुपमा प्रयोग गर्ने समुदायको वनमा पहुँच र वनपैदावार तथा वातावरणीय सेवाको उपयोगको अधिकारको पहिचान र सम्मान गर्नु पर्नेछ ।

| सूचक | प्रमाण |
|---|---|
| १. वन व्यवस्थापन क्रियाकलापबाट प्रभाव पर्ने रैथाने आदिवासी जनजाति र स्थानीय तथा परम्परागत रुपमा प्रयोग गर्ने समुदायको पहिचान गरिएको हुनेछ। | • समूहको विधान र वन व्यवस्थापन कार्ययोजना।<br>• पहिचान भएका विषयमा निर्णय भएको अभिलेख।<br>• पहिचान गरिएको समुदायको वन स्रोतमा पहुँच र उपयोग सम्वन्धी कानूनी र परम्परागत अधिकार प्रयोग गरिएको अभिलेख। |
| २. पहिचान गरिएको समुदायको वन स्रोतमा पहुँच र उपयोग सम्वन्धी कानूनी र परम्परागत अधिकारको प्रयोग गरिएको हुनेछ। | • वन व्यवस्थापन कार्ययोजना।<br>• आवश्यकतानुसार विषयगत कार्ययोजना वा पहुँच र उपयोग सम्वन्धी कानूनी र परम्परागत अधिकारको अभिलेख।<br>• वन पैदावार उपयोगको अभिलेख। |
| ३. पहिचान गरिएका अधिकारहरु व्यवस्थापन गतिविधिमा सामेल गर्दा रैथाने आदिवासी जनजाति र स्थानीय समुदायसँग सहकार्य गरिएको हुनेछ। | • वन व्यवस्थापन कार्ययोजना तयारी र कार्यान्वयनमा सहकार्य गरेको देखिने अभिलेख। |

(ख) मापदण्ड २.२: वन उपभोक्ता समूह गठन गर्दा लैङ्गिक तथा सामाजिक समावेशी र सहभागितामूलक प्रक्रियाबाट पारदर्शी तरिकाले गरी अभिलेखीकरण गर्नु पर्नेछ।

| सूचक | प्रमाण |
|---|---|
| १. वन उपभोक्ताहरू सहभागितामूलक प्रक्रियाबाट पहिचान गरिएको हुनेछ। | • गाउँ टोल र समान चाहना भएको समूहको बैठकको अभिलेख। |
| २. उपभोक्ता भित्र सम्पन्नतामा आधारित समूहहरु र चासो राख्ने वा वनजन्य पेशागत समूहहरू पहिचान गरिएको हुनेछ। | • विधानमा उपभोक्ताहरुको वर्गिकरण। |
| ३. वन उपभोक्ता समूह गठन प्रक्रियामा समुदायको विभिन्न सम्पन्नतामा आधारित समूहहरु र चासो राख्ने वा वनजन्य पेशागत समूहहरूसँग चरणवद्ध परामर्श गरिएको हुनेछ। | • परामर्श तथा बैठकको अभिलेख। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

| सूचक | प्रमाण |
|---|---|
| ४. सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा समानुपातिक समावेशीताको आधारमा प्रतिनिधित्व हुने गरी कम्तिमा ५० प्रतिशत महिला लोकतान्त्रिक प्रक्रियाबाट चयन गरिएको हुने साथै कम्तिमा अध्यक्ष वा सचिव मध्ये एक र उपाध्यक्ष वा कोषाध्यक्ष पदमा महिला चयन गरिएको हुनेछन्। | • कार्यसमितिको संरचना, उल्लेखित विधान र कार्यसमिति चयन गरिएको निर्णय पुस्तिका। |
| ५. साझेदारी वन उपभोक्ता समूहको व्यवस्थापन समितिमा उपभोक्ताबाट छनौट भएर आउने पदमा कम्तिमा ५० प्रतिशत महिला लोकतान्त्रिक प्रक्रियाबाट चयन गरिएको हुनेछ। | • व्यवस्थापन समितिको संरचना उल्लेखित विधान र कार्यसमिति चयन गरिएको निर्णय पुस्तिका। |
| ६. समूहको विधान उपभोक्ताहरूसँग चरणवद्ध परामर्शबाट आमसहमतिको आधारमा निर्माण गरिएको हुनेछ। | • परामर्श तथा बैठक संख्या।<br>• बैठक र साधारण सभाको निर्णय। |

**(ग) मापदण्ड २.३: वन क्षेत्रभित्रका विशेष सांस्कृतिक, आर्थिक र पर्यावरणीय महत्त्व भएका स्थानहरू पहिचान र संरक्षण गरी अभिलेख राखिएको हुनु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वन क्षेत्रभित्रका प्राचीन, पुरातात्विक सांस्कृतिक, पर्यावरणीय, आर्थिक महत्वका विशेष स्थानहरू पहिचान गरिएको हुनेछ। | • वन व्यवस्थापन योजनामा समावेश भएको। |
| २. विशेष र महत्वपूर्ण स्थानहरूको संरक्षण गर्ने उपायहरूमा सहमत भै अभिलेखीकरण गरी कार्यान्वयन भएको हुनेछ। | • स्वीकृत वन व्यवस्थापन योजनामा संरक्षण गर्ने उपायहरू उल्लेख भएको वा नभएको।<br>• स्वीकृत वन व्यवस्थापन योजना कार्यान्वयनको अभिलेख। |

**(घ) मापदण्ड २.४: स्थानीय र परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको पहिचान, सम्मान, अभिलेखीकरण र सहमतिमा प्रयोग गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वनसँग सम्बन्धित परम्परागत ज्ञान र प्रथाजनित अभ्यासहरू पहिचान भई अभिलेखीकरण गरिएको हुनेछ। | • वन व्यवस्थापन कार्ययोजनामा समावेश भएको।<br>• आवश्यकतानुसार विषयगत योजना र अभिलेख। |
| २. परम्परागत ज्ञान र प्रथाजनित अभ्यासहरू सम्वन्धित समुदायहरूको सहकार्यमा प्रयोग भई अभिलेखीकरण गरिएको हुनेछ। | • उपयोगको अभिलेख। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

**(ङ) मापदण्ड २.५: वन व्यवस्थापन सम्बन्धी निर्णय प्रक्रियामा उपभोक्ता समूहमा रहेका रैथाने आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, वनमा आश्रित विपन्न समुदाय र [illegible] उपभोक्ताहरुको समावेशी र अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. सामुदायिक र साझेदारी वनको स्रोत सर्वेक्षण, मापन र योजना निर्माणका विधिहरू सरल भाषामा विकास भएका हुनेछन्। | • आवश्यक निर्देशिकाहरुमा प्रयोग भएको विषय तथा भाषा। |
| २. वनस्रोत सर्वेक्षण सम्बन्धमा आवश्यकतानुसार उपभोक्ताहरू अभिमुखीकरण भई स्रोत सर्वेक्षण प्रक्रियामा संलग्न हुनेछन्। | • अभिमुखीकरण तथा तालिमको अभिलेख।<br>• वनस्रोत सर्वेक्षणमा संलग्न उपभोक्ताहरूको अभिलेख। |
| ३. उपभोक्ताहरूको सहभागितामा वनबाट उत्पादन हुने वस्तु र सेवाको मागको अहिलेको अवस्था र भविष्यको परिदृश्य (अल्प, मध्यम र दीर्घकालीन) आकंलन गरिएको हुनेछ। | • स्वीकृत वन व्यवस्थापन योजनामा माग र आपूर्तिको विश्लेषण। |
| ४. सामुदायिक र साझेदारी वन व्यवस्थापन योजना तयार गर्दा वन उपभोक्ताहरूलाई वन सम्वर्द्धन र व्यवस्थापन सिफारिशहरू (के, किन, कहिले, कसले, कसरी गर्ने भन्ने) सम्बन्धमा अभिमुखीकरण गरिएको हुनेछ। | • अभिमुखीकरण गरिएको अभिलेख। |
| ५. सामुदायिक र साझेदारी वन व्यवस्थापन योजना सरल भाषामा लेखिएको हुनेछ। | • वन व्यवस्थापन योजनामा समावेश विषय र प्रयोग गरिएको भाषा।<br>• साधारण सभाको निर्णय। |
| ६. वन व्यवस्थापनको दिगोपनाको मूल्याङ्कन गर्न सरल प्रक्रिया लागू भएको हुनेछ। | • स्वमूल्यांकन गर्न समूह अन्तरगतका विषयगत उप-समितिहरु गठन भएको निर्णय पुस्तिका।<br>• विषयगत उप-समितिको प्रतिवेदन।<br>• वन कार्यालय व्यवस्थापक भएको हकमा वन निर्देशनालयको प्रतिवेदन।<br>नोटः उप-समितिहरुले आवश्यक परेमा वन प्राविधिक वा तेस्रो पक्षको सहयोग लिन सक्नेछन्। |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

**(च) मापदण्ड २.६: वन व्यवस्थापनमा रोजगारी र प्रशिक्षणका अवसर प्रदान गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको आधारमा गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. लैङ्गिक समानतालाई बढावा दिदै सबै लिङ्ग, जाति र वर्गलाई रोजगारीका अभ्यास, प्रशिक्षण र व्यवस्थापन गतिविधि सञ्चालन गर्न व्यवस्थापकले न्यायोचित अवसरहरू प्रदान गरेको हुनेछ। | • रोजगार, अभ्यास, प्रशिक्षण र व्यवस्थापन गतिविधिमा सबै लिङ्ग, जाति र वर्गलाई प्रदान गरेको अवसरहरूको अभिलेख। |
| २. वनमा आश्रित महिला तथा विपन्न, दलित, मधेशी र आदिवासी जनजाति लगायतका सीमान्तकृत समुदायलाई रोजगार, प्रशिक्षण र अन्य सेवाको अवसरहरूमा विशेष प्राथमिकता दिइएको हुनेछ। | • रोगजार प्राप्त समूह सदस्यको विवरण । <br>• तालिम तथा प्रशिक्षणप्राप्त समूह सदस्यको विवरण। <br>• छात्रवृत्ति लगायत अन्य सेवा प्राप्त गर्ने समूह सदस्यको विवरण। |
| ३. महिला र पुरुषलाई समान कामको लागि समान ज्याला दिइएको हुनेछ। | • ज्याला भुक्तानीको भरपाई। |
| ४. व्यवस्थापन योजना तयारी र कार्यान्वयन गर्न प्राबिधिक तथा सामाजिक परिचालनको लागि आवश्यक शिक्षा तथा तालिम प्राप्त महिला र पुरुषलाई समान अवसर दिइएको हुनेछ। | • तालिम प्राप्त महिला तथा पुरुषको विवरण। |
| ५. व्यवस्थापन योजना तयारी र कार्यान्वयनमा संलग्न महिला कर्मचारी, महिलाकर्मी र महिला कामदारको लागि सुरक्षित तथा मर्यादित कार्यस्थल बनाउन आचारसंहिता विकास गरी अनिवार्य रुपमा लागू गरिएको हुनेछ। | • समूहको आचारसंहिता। <br>• आचारसंहिता बारेमा जानकारी गराएको अभिलेख, आचारसंहिता पालनाको अभिलेख। |
| ६. लैङ्गिक, वैवाहिक स्थिति, अभिभावक वा यौन अभिमुखीकरणको आधारमा यौनउत्पीडन र भेदभावको घटना रिपोर्ट गर्न र भेदभाव हटाउनको लागि उपसमिति स्थापना भई लागू गरिएको हुनेछ। | • समूह अन्तरगतका विषयगत उप-समितिहरु। <br>• रिपोर्ट र कारवाहीको अभिलेख। |

**(छ) मापदण्ड २.७.: वन व्यवस्थापन योजना तयारी र कार्यान्वयन गर्दा वनकर्मी, वन उपभोक्ता समूह, कर्मचारी तथा श्रमिकहरुलाई प्रशिक्षण, व्यावसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी उपायहरू अनिवार्य लागू गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. सबै व्यवस्थापन गतिविधिहरू तयारी र कार्यान्वयन गर्न वनकर्मी, वन उपभोक्ता समूह, कर्मचारी तथा कामदारहरूको लागि आवश्यकता अनुसारका प्रशिक्षण दिइएको हुनेछ। व्यवस्थापन गतिविधिहरूमा उपलब्ध भएसम्म प्रशिक्षित व्यक्ति मात्र कार्यरत रहेका हुनेछन्। | • प्रशिक्षित व्यक्तिहरुको तथ्याङ्क तथा अभिलेख। <br>• व्यवस्थापन गतिविधिहरूमा संलग्न व्यक्तिहरुको अभिलेख। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

| सूचक | प्रमाण |
|---|---|
| २. प्रशिक्षणमा वनकर्मी, वन उपभोक्ता समूह, महिला एवं पुरुष कर्मचारीलाई समान अवसर दिइएको हुनेछ। | • व्यवस्थापन प्रतिनिधिहरुमा संलग्न व्यक्तिहरुको अभिलेख। |
| ३. वन उपभोक्ता समूह, वन श्रमिकको अद्यावधिक रेकर्ड राखिएको हुनेछ। | • वन श्रमिकको विवरण तथा अभिलेख। |
| ४. वनकर्मी, कर्मचारी तथा कामदारहरूलाई तोकिएको कार्यहरूको लागि उपयुक्त व्यक्तिगत सुरक्षात्मक उपकरणहरू प्रदान गरिएको हुनेछ र काममा खटिँदा व्यक्तिगत सुरक्षात्मक उपकरणहरूको प्रयोग गरिएको हुनेछ। | • सुरक्षा र स्वास्थ्यका सामाग्रीहरुको उपलब्धता तथा प्रयोग। |
| ५. कामदारहरूलाई जोखिमपूर्ण कार्यहरू जस्तैः चेन सः प्रयोग, आगो निभाउने र रातको समयमा सुरक्षाको लागि उचित बिमा (मेडिकल र जीवन) को व्यवस्था गरिएको हुनेछ। | • बिमा गरिएका कामदारको संख्या अभिलेख। |

**५. उत्पादन, उत्पादकत्व वृद्धि र आर्थिक समृद्धि (सिद्धान्त ३) :** (१) वन व्यवस्थापकले दिगो वन व्यवस्थापनका लागि वन व्यवस्थापनको मूल मर्म बमोजिमको उत्पादन, उत्पादकत्व वृद्धि र आर्थिक समृद्धिको सिद्धान्त अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) को सिद्धान्त परिपालनाका लागि खण्ड (क) देखि (छ) सम्मका मापदण्ड पूरा गर्न सूचकसाथ संलग्न प्रमाणको आधारमा देहायका सूचकहरुको परीक्षण गर्नु पर्नेछ।

**(क) मापदण्ड ३.१: वन स्रोत सर्वेक्षण र विश्लेषण गरी वनबाट उत्पादन हुने वस्तु र सेवाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन माग तथा वनको उत्पादन क्षमताको आधारमा वन व्यवस्थापनको दूरदृष्टि, लक्ष्य तथा उद्देश्य तय गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वन स्रोत सर्भेक्षण गर्दा समग्र वनको अवस्था प्रतिनिधित्व हुने गरी वन मापनको उपयुक्त प्रविधि अपनाई वनको अवस्था, प्रजाति, पुनरुत्पादन, भू-धरातलीय स्वरुप र वनबाट प्राप्त हुन सक्ने पैदावार र पारिस्थितिकीय सेवाहरुको आँकलन (सर्वेक्षण) तथा विश्लेषण गरिएको हुनेछ। | • वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भएको व्यवस्थापन योजना तयारीको विधि, प्रक्रिया तथा तथ्याङ्कको अभिलेख। |
| २. परम्परागत रुपमा प्रयोग हुँदै आएका र उपलब्ध आधुनिक प्रविधि र उपकरण वन मापनका लागि प्रयोग गरिएको हुनेछ। | • वन मापनमा प्रयोग भएका उपकरण, विधि र प्रक्रिया । |
| ३. वनको अवस्था र वनबाट उत्पादन हुने वस्तु र सेवाको आधारमा वन व्यवस्थापनको दूरदृष्टि, लक्ष्य र उद्देश्य निर्धारण गरिएको हुनेछ। | • योजना तयारीका लागि लिईएको वन स्रोत सर्भेक्षण।<br>• वन व्यवस्थापन योजनामा उल्लेख भएको दूरदृष्टि, लक्ष्य र उद्देश्य। |

सह-सचिव (प्र.)

डा. दीपक कुमार खराल
सचिव

**(ख) मापदण्ड ३.२: वन व्यवस्थापकले व्यवस्थापनको दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरूसँग मेल खाने गरी वनको अवस्था, प्रजाति, पुनरुत्पादन र भू-धरातलीय स्वरुप अनुसार स्थानीय परम्परागत ज्ञान तथा अभ्यास समेतलाई ध्यान दिई वन संवर्द्धन र व्यवस्थापनको सिद्धान्त अनुरूप वन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वन व्यवस्थापनको उद्देश्य र वनको अवस्था, प्रजाति, पुनरुत्पादन र भू-धरातलीयस्वरुप अनुसार वन सम्वर्द्धन र व्यवस्थापनको सिद्धान्त साथै स्थानीय परम्परागत ज्ञान तथा अभ्यासको आधारमा वन व्यवस्थापन योजना तयार गरिएको हुनेछ। | • वन व्यवस्थापन योजना। |
| २. वन व्यवस्थापनको उद्देश्य, वनको अवस्था, उमेर समूह प्रजाति, पुनरुत्पादन र भू-धरातलीयस्वरुप अनुसार वन संवर्द्धनको सिद्धान्तको आधारमा उपयुक्त वन व्यवस्थापनका क्रियाकलापहरु अपनाईएको हुनेछ। | • वन व्यवस्थापन योजना तयारीका लागि लिईएको वनको आधार तथ्याङ्क (Forest Inventory-Baseline data) वा वनस्रोत सर्भेक्षण प्रतिवेदन।<br>• स्थान अनुसारको वन संवर्द्धनका तरिका र क्रियाकलापहरु तथा तिनको छनौटको आधार वा विधि र अवलोकन। |
| ३. वन पैदावारको दिगो उत्पादनका लागि वनस्रोत सर्वेक्षणको नतिजा तथा वन व्यवस्थापनको लागि प्रस्तावित वन संवर्द्धनका सिद्धान्त अनुरुप वार्षिक उत्पादन हुनसक्ने परिमाणको आधारमा वार्षिक कटान परिमाण निश्चित गरिएको हुनेछ। | • वन व्यवस्थापन योजना तयारीका लागि लिईएको वनको आधार तथ्याङ्क (Forest Inventory-Baseline data) वा वनस्रोत सर्वेक्षण।<br>• वार्षिक कटान निर्धारणको आधार वा विधि। |
| ४. वन स्रोत सर्वेक्षणको नतिजा विश्लेषणको आधारमा गैहकाष्ठ वन पैदावारको वार्षिक रूपमा संकलन गर्ने परिमाण निर्धारण गरी व्यवसायिक रूपमा गैर-काष्ठ वन पैदावार संकलन गरिएको हुनेछ। | • वन व्यवस्थापन योजना तयारीका लागि लिईएको वनको आधार तथ्याङ्क (Forest Inventory-Baseline data) वा वन स्रोत सर्वेक्षण। |
| ५. वन व्यवस्थापन योजनाको अवधि साधारणतया दश वर्षको हुनेछ। | • वन व्यवस्थापन योजनाको अवधि। |
| ६. वन व्यवस्थापन योजना समयमै र प्रभावकारी ढंगले कार्यान्वयन गरिएको हुनेछ। | • वन व्यवस्थापन योजनाको कार्यान्वयन तालिका।<br>• वार्षिक प्रगति प्रतिवेदन। |
| ७. वन पैदावारको घाटगद्दी सबैको पहुँच हुने, बाटोको सुविधा भएको र सुरक्षित स्थानमा गरिएको हुनेछ। | • घाटगद्दी गरिएको स्थानको अवस्थिति अभिलेख र अवलोकन। |
| ८. वन पैदावार संकलन गर्दा वन क्षेत्रमा बाँकी रहने रूख तथा अन्य वातावरणीय अवस्थाको न्यूनतम क्षति हुने व्यवस्था मिलाईएको हुनेछ। | • वन पैदावारको संकलनमा प्रयोग गरिएको प्रविधि र सुरक्षा व्यवस्थाको अभिलेख र अवलोकन। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खरल
सचिव

(ग) मापदण्ड ३.३: वन व्यवस्थापनका क्रियाकलापहरू निर्धारण गर्दा विभिन्न प्रजाति तथा उमेर समूहको वन कायम हुने गरी प्राकृतिक वा वृक्षारोपण विधिबाट पुनरुत्पादनको सुनिश्चितता गर्नुपर्नेछ।

| सूचक | प्रमाण |
|---|---|
| १. वन व्यवस्थापन गरी वन पैदावार संकलन गरिएका क्षेत्रहरू समयमै पुनरुत्पादन भएको हुनेछ। | • व्यवस्थापन योजनामा वृक्षारोपण तथा पुनरुत्पादनको अवस्था सर्भे रिपोर्ट। |
| २. वृक्षारोपण वा प्राकृतिक विधिबाट पुनरुत्पादनका लागि छनौट गरिएका प्रजातिहरू ईकोलोजिकल रूपमा वन क्षेत्रमा राम्रोसँग अनुकुलित भएका स्थानीय प्रजातिहरू हुनेछन्। | • वृक्षारोपण तथा पुनरुत्पादनको प्रजाति तथा अवस्था सर्भे रिपोर्ट। |
| ३. पुनरुत्पादनको लागि छनौट गरिएको प्रजातिहरू व्यवस्थापनका उद्देश्यसँग मिल्दोजुल्दो हुनेछन्। | • व्यवस्थापन योजनामा वन व्यवस्थापनका उद्देश्य।<br>• वृक्षारोपण तथा पुनरुत्पादनको प्रजाति सर्भे रिपोर्ट। |
| ४. वन व्यवस्थापनबाट प्राकृतिक वनको वास्तविक प्रकार र परम्परादेखिको प्रमुख प्रजाति (Principle Species) मा (Forest type and species composition) परिवर्तन भएको हुनेछैन। तर व्यवस्थापनको उद्धेश्य अनुसार र वन समूहहरुको सहमतिमा वनमा प्रजातिको अनुपात फरक हुन सक्छ। | • वृक्षारोपण तथा पुनरुत्पादनको प्रजाति।<br>• व्यवस्थापन योजनामा लेखिएको सिफारिस (Prescription) ।<br>• बैठकको अभिलेख। |
| ५. उपभोक्ता समूहद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रमा वृक्षारोपण गरिएको वनलाई उपभोक्ता समूहको सहमति भएमा मिश्रित प्रजातिको वनमा विकास गरिएको हुनेछ। | • व्यवस्थापन योजना ।<br>• Field verification बाट प्राप्त वनको प्रजाति र अवस्था। |
| ६. वन क्षेत्रको भू-उपयोगमा परिवर्तन भएको हुने छैन र विशिष्ट उद्देश्य र अवस्थामा रहेको निश्चित वन वाहेक अन्य प्राकृतिक वनमा सरपट कटान (Clear Felling) गरिएको हुने छैन। | • वनको भू-उपयोग र छत्र घनत्व।<br>• सरपट कटानको हकमा विशिष्ट उद्देश्य र अवस्था खुल्ने विश्वासनीय कागजात र प्रमाण। |
| ७. आयातित प्रजातिहरू (Exotic species) वैज्ञानिक अनुसन्धानको नतिजाको आधारमा नकारात्मक प्रभावहरू नियन्त्रण गर्न सकिन्छ भनी आधिकारिक निकायको सिफारिसको आधारमा मात्र प्रयोगमा ल्याईएको हुनेछ। | • अधिकारप्राप्त अधिकारीको सिफारिस। |
| ८. विविध प्रजाति, आकार, उमेर समूह, क्षेत्र र पुनरुत्पादन चक्रको उपयुक्त परिदृश्य (mosaic) भूपरिधिस्तरमा कायम हुने गरी समूहको सहमतिमा उपयुक्त वन संवर्द्धन प्रणाली लागू गरिएको हुनेछ। | • वनको अवस्था अनुसार वन सम्वर्द्धन प्रणाली छनौट भएको कार्ययोजना तथा साधारण सभाको निर्णय।<br>• कार्ययोजना कार्यान्वयन प्रतिवेदनहरू।<br>• स्थलगत भेरिफिकेशन। |

(घ) मापदण्ड ३.४: वनजन्य उत्पादन कानूनद्वारा व्यवस्थित गरिए अनुरुप पारदर्शी ढङ्गले संकलन, भण्डारण, उपयोग र बिक्री बितरण गर्नु पर्नेछ।

| सूचक | प्रमाण |
| --- | --- |
| १. वन पैदावार मापन गर्दा नाप साइज, ग्रेड, थान र जात प्रष्ट हुने गरी नम्बरिङ्ग गरिएको हुनेछ। | • घाटगद्दीको अवस्था। |
| २. व्यवस्थापकले स्रोत माथि सबैको समान पहुँच हुने गरी निजी उद्यमी, सरकारी कम्पनी, सामूहिक कम्पनी र अन्य वन पैदावार कारोबार गर्ने उद्योगमा प्रतिस्पर्धाको आधारमा सम्भव भएसम्म e-bidding मार्फत पारदर्शी रुपमा बिक्री वितरण गरेको हुनेछ। | • लिलाम बिक्रीको सूचना।<br>• सूचना विभिन्न ठाउँमा प्राप्त भएको जानकारीको अभिलेख।<br>• लिलाम बिक्रीको अद्यावधिक तथ्याङ्क। |
| ३. समूहले कार्ययोजना बमोजिम उत्पादन हुने वन पैदावार आफ्ना उपभोक्ताको माग पुरा भएपछि मात्र समूह बाहिर बिक्री वितरण गरेका हुनेछन्। | • समूहका सदस्यलाई वन पैदावार माग गर्नका लागि सार्वजनिक सूचना।<br>• सूचनाको अवधिभित्र प्राप्त निवेदनको सार्वजनिकीकरण।<br>• उपभोक्ताको माग सम्बोधन भएको तथ्याङ्क वा अभिलेख। |
| ४. सल्ला लगायत अन्य नरम प्रजातिहरुको हकमा वन पैदावारको बजार र मूल्य सुनिश्चितताको लागि वन समूहहरुले प्रतिस्पर्धाबाट बढीमा पाँच वर्षको लागि वन पैदावारको पूर्ण प्रशोधन गरी बजारीकरण गर्ने कम्पनीसँग कार्ययोजनामा उल्लेखित वन संवर्द्धनका कार्य गरी उत्पादन हुने वन पैदावार संकलन गरी लैजाने समेतको सम्झौता गर्न सक्नेछन्। | • सम्झौता पत्र। |
| ५. वन व्यवस्थापन, विकास, वन पैदावार संकलन, कटानी, ढुवानी, बिक्री वितरण आदि क्रियाकलापहरुको व्यवस्थित र पारदर्शी रुपमा अभिलेख राखिएको हुनेछ। | • सम्बन्धित क्रियाकलाप अभिलेख। |
| ६. सामुदायिक र साझेदारी वनमा वन पैदावार वितरणमा असहाय, अपाङ्ग, एकल महिला, दलित लगायत विपन्नवर्गलाई प्राथमिकता र सहुलियत दिइएको हुनेछ। साथै वनमा आधारित परम्परागत व्यावसायिक अभ्यासहरूको जगेर्ना गरिएको हुनेछ। | • वितरणको तथ्याङ्क तथा अभिलेख। |
| ७. सामुदायिक वनका उपभोक्ताहरुलाई वन पैदावार बिक्री वितरणको सहुलियत दर निर्धारण गर्दा न्यायोचित रुपमा र सार्वजनिक सुनुवाई सहित पारदर्शिता अपनाई साधारण सभाबाट निर्णय गरिएको हुनेछ। | • साधारण सभाको निर्णय पुस्तिका |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

| सूचक | प्रमाण |
|---|---|
| ८. वन पैदावारको उत्पादन देखि बजारीकरणसम्मका सबै क्रियाकलापहरु समयसीमा युक्त कार्यतालिकामा आधारित भएर संचालित भएको हुनेछ। बिक्री वितरण, रकम दाखिला गर्ने देखि निकासी इजाजत गर्ने कार्यको समय तोकिएको हुनेछ। | • कार्य तालिका।<br>• कार्य सम्पन्न प्रतिवेदन।<br>• संकलन तथा बिक्री वितरण कार्यविधि तथा कार्यप्रक्रियामा उल्लिखित व्यवस्था। |
| ९. वन व्यवस्थापकले वन व्यवस्थापनका लागि गरेका सबै श्रमजन्य क्रियाकलापहरु र वन क्षेत्रवाट उत्पादन भएका सबै किसिमको वन पैदावारको मौद्रिक मूल्य निर्धारण गरी अभिलेख राखेको हुनेछ। | • मौद्रिक मूल्य निर्धारण र अभिलेख। |

**(ङ) मापदण्ड ३.५: वन व्यवस्थापकले आफ्नो दायरा, उद्देश्य र क्षमता अनुरुप दीर्घकालीन वन व्यवस्थापनका लागि आवश्यक पर्ने लागत आँकलन गरी व्यवस्था गर्नुपर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वन व्यवस्थापन योजनामा व्यवस्थापनका क्रियाकलापहरू र वनबाट उत्पादन भएका बस्तु तथा सेवाको आर्थिक लाभ तथा लागत विश्लेषण गरी लागत अनुमानमा समावेश गरिएको र खर्चको स्रोत सुनिश्चित गरिएको हुनेछ। | • वन व्यवस्थापन योजनामा लाभ तथा लागतको विश्लेषण।<br>• लागत व्यवस्थापन योजना। |
| २. सरकारको तर्फबाट दिगो वन व्यवस्थापनका लागि व्यवस्थापकलाई कार्यक्रम सन्चालन गर्न प्राविधिक सहयोग, क्षमता विकास गरिएको हुनेछ। | • बार्षिक प्रतिवेदन।<br>• सवडिभिजन वन कार्यालय र स्थानीय तहको वन प्राविधिकको उपस्थिति ।<br>• तालिम अभिलेख संख्या। |
| ३. वन व्यवस्थापनका लागि समूह, सरकार, संघ संस्था र बैङ्क तथा वित्तीय क्षेत्रको लगानी पारदर्शी रुपमा परिचालन गरिएको हुनेछ। | • बार्षिक वजेट।<br>• सम्झौता पत्र।<br>• लेखा परीक्षण तथा प्रगति प्रतिवेदन। |
| ४. वनबाट उत्पादन भएका सम्पूर्ण बस्तु तथा सेवाको मूल्याङ्कन गरी राष्ट्रिय आयमा गणना गर्ने गरी तथ्याङ्कको अध्यावधिक गरिएको हुनेछ। | • वनबाट प्राप्त रोयल्टीको अभिलेख।<br>• वन पैदावार उत्पादन र उपयोगको अभिलेख। |

**(च) मापदण्ड ३.६: प्रचलित कानून बमोजिम उपभोक्ता समूहको एकल लगानी वा सार्वजनिक-सामुदायिक साझेदारी, निजी तथा सहकारीमा वन उद्यम विकास गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. आर्थिक र वनस्रोतको दिगो उपलब्धताको आधारमा वनमा आधारित उद्यमहरुको पहिचान तथा संचालन गरिएको हुनेछ। | • वन उद्यमको वर्गीकरण।<br>• वन उद्यम संख्या। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

| सूचक | प्रमाण |
|---|---|
| २. समूह र समूह सदस्यले प्रचलित नेपाल कानून बमोजिम संचालन गर्ने उद्यमका लागि निश्चित मूल्य र परिमाण निर्धारण गरी वन पैदावार उपलब्ध भएको हुनेछ। | • उपलब्ध गराएको वन पैदावारको परिमाण।<br>• वन पैदावारको मूल्य। |
| ३. उद्यम सन्चालनको लागि स्थानीय बस्तु, प्रविधि, श्रमिक र लगानीलाई प्राथमिकता दिई क्षमता विकास गरिएको हुनेछ। आवश्यकतानुसार बाह्य बस्तु, प्रविधि, श्रमिक र लगानीको अवसर दिइएको हुनेछ। | • स्थानीय बस्तु, प्रविधि, श्रमिक, लगानी र क्षमता विकासको अवस्था अभिलेख।<br>• बाह्य बस्तु, प्रविधि, श्रमिक र लगानीको अवसरको अवस्था अभिलेख। |
| ४. समूहले तयार गरेको कार्य समितिवाट स्वीकृत भएको व्यावसायिक योजना कार्यन्वयनका लागि आवश्यकता अनुसार वित्तीय क्षेत्रसँग सहकार्य गरिएको हुनेछ। | • वित्तीय क्षेत्रको लगानी वा ऋण परिचालन भएको अभिलेख। |

**(छ) मापदण्ड ३.७: वन व्यवस्थापकले स्थानीय तह र उपभोक्ताहरुको संलग्नतामा समुदायको सामाजिक र लक्षित समुदायको आर्थिक विकासमा योगदान पुऱ्याउने कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. स्थानीय समुदाय र अन्य सम्बन्धित सरोकारवालाहरुलाई स्थानीय, सामाजिक र आर्थिक विकासको अवसर प्रदान गरिएको हुनेछ। | • सरोकारवालाहरु सामाजिक तथा आर्थिक विकाससंग सम्बन्धित वार्षिक स्वीकृत योजना र कार्यक्रम कार्यान्वयनको अवस्था। |
| २. समुदायको अति विपन्न वर्गका उत्थानका लागि स्थानीय तहसँग सहकार्य गरिएको हुनेछ। सामाजिक र आर्थिक लाभमा योगदान पुऱ्याउने गतिविधिहरू पहिचान गरी कार्यान्वयन भएका हुनेछन्। | • सरोकारवालाहरुको सामाजिक तथा आर्थिक बिकाससंग सम्बन्धित वार्षिक स्वीकृत योजना र कार्यक्रम कार्यान्वयनको अवस्था।<br>• स्थानीय तहको सहलगानीको अवस्था। |

**६. वातावरणीय सुरक्षा (सिद्धान्त ४) :** (१) वन व्यवस्थापकले दिगो वन व्यवस्थापनका लागि वातावरणीय सुरक्षाको सिद्धान्त पालना गरेको हुनुपर्नेछ।

(२) उपदफा (१) को सिद्धान्त परिपालनका लागि खण्ड (क) देखि (घ) सम्मका मापदण्ड पुरा गर्न सूचकसाथ संलग्न प्रमाणको आधारमा देहायका सूचकहरुको परीक्षण गर्नु पर्नेछ।

**(क) मापदण्ड ४.१: वन व्यवस्थापकले वन क्षेत्रका दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजाति र तिनका बासस्थानको संरक्षणको प्रत्याभूति गर्नु पर्नेछ।**

सह-सचिव (प्रवि)

डा. दीपक कुमार खराल
सचिव

| सूचक | प्रमाण |
| --- | --- |
| १. व्यवस्थापन क्षेत्रभित्र वा आसपासमा रहेका वा पाउन सकिने संभावित दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजातिहरू तथा तिनका बासस्थानहरू, CITES मा सूचिकृत प्रजातिहरू (जहाँ लागू हुन्छ) र राष्ट्रिय, प्रादेशिक तथा स्थानीयस्तरका दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजातिहरूको सूचीमा रहेका प्रजातिहरू पहिचान गरिएको हुनेछ। | • दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजातिहरूको पहिचान गरी स्वीकृत वन व्यवस्थापन योजनामा समावेश भएको वा नभएको अभिलेख। |
| २. वन व्यवस्थापनका संभावित क्रियाकलापहरूबाट दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजातिहरू तथा तिनको वासस्थान संरक्षणमा पर्नसक्ने संभावित प्रभावहरूको पहिचान गरी नकारात्मक प्रभावहरू न्यूनीकरण गरी वासस्थान संरक्षण गर्न उपयुक्त व्यवस्थापनका क्रियाकलापहरू निर्धारण गरिएको हुनेछ। | • दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजातिहरूको संरक्षण सम्बन्धी क्रियाकलाप पहिचान गरी स्वीकृत वन व्यवस्थापन योजनामा समावेश भएको वा नभएको अवस्था। |
| ३. दुर्लभ, लोपोन्मुख र संकटापन्न प्रजातिहरू र तिनको वासस्थानको संरक्षण गर्न, संरक्षण क्षेत्रको व्यवस्था, जैविक मार्गका साथै प्रत्यक्ष रूपमा प्रजाति पुनर्स्थापना कार्यक्रमहरू समेत लागू भएको हुनेछ। | • स्वीकृत वन व्यवस्थापन योजनामा संरक्षण क्षेत्र तथा जैविक मार्गको पहिचान गरी संरक्षण सम्वन्धी क्रियाकलाप पहिचान गरी स्वीकृत वन व्यवस्थापन योजनामा समावेश भएको वा नभएको अवस्था।<br>• वार्षिक स्वीकृत योजना र कार्यक्रममा प्रजाति पुनर्स्थापना कार्यक्रमहरू समावेश भएको वा नभएको। |

**(ख) मापदण्ड ४.२: वन व्यवस्थापकले प्राकृतिक जल वहाव क्षेत्र, जल पुनर्भरण क्षेत्र, ओसिलो क्षेत्र जस्ता संवेदनशील क्षेत्रको संरक्षण वा पुनर्स्थापना गर्ने कार्यहरु गर्नुपर्नेछ।**

| सूचक | प्रमाण |
| --- | --- |
| १. प्राकृतिक जल वहाव क्षेत्र, जल पुनर्भरण क्षेत्र, ओसिलो क्षेत्र तथा पानीको मात्रा र गुणस्तर लगायत कनेक्टिभिटीलाई जोगाउन र पुनर्स्थापना गर्न संरक्षणका उपायहरू लागू गरिएको हुनेछ। | • वन व्यवस्थापन योजनामा संरक्षण सम्बन्धी व्यवस्था र कार्यान्वयनको अवस्था झल्किने प्रतिवेदन तथा अभिलेख। |

**(ग) मापदण्ड ४.३: वन व्यवस्थापकले काठ र गैरकाष्ठ वन पैदावारहरूको संकलन र निकासी गर्दा वातावरणीय क्षति कम हुने गरी गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
| --- | --- |
| १. काठ र गैरकाष्ठ वन पैदावारहरूको संकलन र निकासीका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय सेवाहरुको संरक्षण गर्ने गरी कार्यान्वयन गरिएको हुनेछ। | • स्थलगत अध्ययन प्रतिवेदन। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

**(घ) मापदण्ड ४.४: वन व्यवस्थापकले वन व्यवस्थापन योजना कार्यान्वयनका क्रममा हुन सक्ने संभावित जोखिम र जोखिम न्यूनीकरण तथा संरक्षणका उपायहरू पहिचान गरी व्यवस्थापन योजनामा समावेश गरी लागू गर्नुपर्नेछ।**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| सूचक | प्रमाण |
|---|---|
| १. मिचाहा प्रजाति, वन डढेलो, जलवायुजन्य विपद, रोग किरा, चरिचरन लगायतका गतिविधिबाट हुनसक्ने जोखिम, विपद र सीमान्तकृत क्षेत्रको पहिचान र नक्साङ्कन गरिएको हुनेछ। | • वन व्यवस्थापन योजनामा जोखिम, विपद र सिमान्तकृत क्षेत्रको पहिचान र नक्साङ्कन गरिएको वा नगरिएको। |
| २. उत्तम उपलब्ध विधिहरूको प्रयोग गरी जोखिम कमगर्न अपनाइने व्यवस्थापनका क्रियाकलापहरू तय भई समयमै लागू गरिएको हुनेछ। | • वन व्यवस्थापन योजनामा उल्लेखित जोखिम कम गर्न अपनाइने व्यवस्थापनका क्रियाकलापहरू, कार्यान्वयनको प्रतिवेदन तथा अभिलेख। |
| ३. मिचाहा प्रजाति, वन डढेलो, जलवायुजन्य विपद, रोग किरा, चरिचरन लगायतका गतिविधिबाट भएका नकारात्मक असर र क्षतिको अभिलेख राखिएको हुनेछ। | • क्षतिको अभिलेख। |
| ४. वन डढेलो, जलवायुजन्य विपद, रोग किरा, चरिचरन लगायतका गतिविधिबाट भएका नकारात्मक असर र क्षतिको व्यवस्थापन र क्षतिग्रस्त वनको पुनरुत्थान कार्यक्रम तयार भई लागू भएको हुनेछ। | • समूहको कार्यसमितिबाट स्वीकृत पुनरुत्थान योजना।<br>• पुनरुत्थान योजना कार्यान्वयनको प्रतिवेदन तथा अभिलेख। |

**७. अनुगमन, मूल्याङ्कन, अनुसन्धान र ज्ञान व्यवस्थापन (सिद्धान्त ५):** (१) वन व्यवस्थापकले दिगो वन व्यवस्थापनका लागि अनुगमन, मूल्याङ्कन, अनुसन्धान र ज्ञान व्यवस्थापनको सिद्धान्त पालना गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) को सिद्धान्त परिपालनका लागि खण्ड (क) देखि (ख) सम्मका मापदण्ड पूरा गर्न सूचकसाथ संलग्न प्रमाणको आधारमा देहायका सूचकहरुको परीक्षण गर्नु पर्नेछ।

**(क) मापदण्ड ५.१ वन व्यवस्थापकले व्यवस्थापनका क्रियाकलापहरुको प्रगति तथा उपलब्धिको साथै वन व्यवस्थापन योजनाको कार्यान्वयनबाट उत्पन्न हुने सामाजिक तथा वातावरणीय प्रभावहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।**

| सूचक | प्रमाण |
|---|---|
| १. वन व्यवस्थापन योजना कार्यान्वयनको यथार्थ अवस्था अनुगमन तथा मूल्याङ्कन गर्न उपसमिति स्थापना गरिएको हुनेछ। | • समूह अन्तरगत अनुगमन उपसमिति गठन भएको निर्णय ।<br>• वन कार्यालयको हकमा वन निर्देशनालय र यसको प्रतिवेदन। |
| २. वन व्यवस्थापन योजना कार्यान्वयनका सम्भावित र भोगिएका सकारात्मक र नकारात्मक प्रभावहरू (आन्तरिक र बाह्य) मूल्याङ्कन गर्न सरल प्रक्रिया र खाका तयार गरिएको हुनेछ। | • अनुगमन तथा मूल्याङ्कन फारम/निर्देशिका/कार्यविधि। |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

| सूचक | |
|---|---|
| ३. वन व्यवस्थापन योजना कार्यान्वयन हुनुअघि सम्भावित सकारात्मक र नकारात्मक प्रभावहरू (आन्तरिक र बाह्य) वन कार्यालय र समूहद्वारा मूल्याङ्कन गरिएको हुनेछ र नकारात्मक प्रभावहरूलाई कम गर्ने क्रियाकलापहरु तय भई लागू गरिएको हुनेछ। | • समूह अन्तर्गतको अनुगमन उप-समितिहरुको प्रतिवेदन।<br>• वार्षिक कार्ययोजना। |
| ४. व्यवस्थापनका गतिविधिहरुमा नकारात्मक सामाजिक र वातावरणीय प्रभावहरुलाई न्यूनीकरण गर्न लाग्ने लागत सम्बन्धित व्यवस्थापन योजनामा अनुमान गरी समावेश गरिएको हुनेछ। | • वन व्यवस्थापन योजनामा लाभ तथा लागतको बिश्लेषण।<br>• लागत व्यवस्थापन योजना। |
| ५. व्यवस्थापन गतिविधिहरूको कार्यान्वयनबाट परेको सामाजिक र वातावरणीय प्रभावहरूको योजना अवधिको मध्य र अन्तिममा वन कार्यालय र समूहद्वारा अनुगमन गरिएको हुनेछ। | • समूह अन्तरगतका विषयगत उप-समितिहरुको प्रतिवेदन। |
| ६. समूहबाट माग भएमा वन तथा वातावरण मन्त्रालयले उपयुक्त संयन्त्र मार्फत् यस मापदण्डमा उल्लेखित सूचकहरुका आधारमा वन व्यवस्थापन वा वन पैदावार उत्पादनको प्रमाणीकरण गरी सो को पहिचान चिन्ह उपलब्ध गराएको हुनेछ। व्यवस्थापकले सो उत्पादन बजारमा पठाउँदा सो पहिचान चिन्हको प्रयोग गर्नेछ। | • प्रमाणीकरण पहिचान चिन्ह र प्रमाणपत्र। |
| ७. अनुगमन मूल्याङ्कनको परिणामहरू अवलम्बन गर्दै व्यवस्थापन योजना परिमार्जन गरिएको हुनेछ। | • अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन र वन व्यवस्थापन योजना। |
| ८. मूल्याङ्कनको परिणामहरूको सारांश सार्वजनिक गरिएको हुनेछ। | • मूल्याङ्कनको प्रतिवेदन र सार्वजनिक गरेको अभिलेख। |

**(ख) मापदण्ड ५.२: वन व्यवस्थापकले राष्ट्रिय वा स्थानीय आवश्यकताको आधारमा अनुसन्धान प्लट स्थापना गरी अनुगमन, मापन, अभिलेखीकरण, विश्लेषण र ज्ञानको प्रसार गर्नुपर्नेछ ।**

| सूचक | प्रमाण |
|---|---|
| १. स्थानीय देखि राष्ट्रियस्तरमा वन सम्बन्धी अनुसन्धान गर्ने विश्वविद्यालय र अनुसन्धान संस्थाहरू (सरकारी र गैरसरकारी) सँग मिलेर वन व्यवस्थापन कार्य सम्बन्धी अनुसन्धान तथा मूल्याङ्कन गरिएको हुनेछ। | • अनुसन्धान प्रोटोकल।<br>• अनुसन्धान प्लटको संख्या र क्षेत्रफल।<br>• अनुसन्धानको प्रतिवेदन। |
| २. कार्यमूलक अनुसन्धान गर्ने संस्था (संघीय वा प्रादेशिक) को नेतृत्वमा व्यवस्थापकद्वारा अनुसन्धान योजना तयार गरी कार्यान्वयन तथा अनुगमन गरिएको हुनेछ। | • अनुसन्धान योजना।<br>• अनुसन्धान प्लटको संख्या र क्षेत्रफल।<br>• अनुसन्धानको प्रतिवेदन। |

सह-सचिव / प्रमुख

डा. दीपक कुमार खराल
सचिव

| सूचक | प्रमाणीकरण |
| --- | --- |
| ३. अनुसन्धानका निष्कर्षहरू अनुसन्धान संस्थानहरू (संघीय वा प्रादेशिक) र व्यवस्थापकद्वारा उपयुक्त माध्यमबाट लिपिबद्ध गरी प्रसारित गरिएको हुनेछ। | • अनुसन्धानको प्रतिवेदन ।<br>• प्रसारित गरिएको अभिलेख । |
| ४. अनुसन्धानमा भएका निष्कर्षहरूको आधारमा आवश्यकता अनुरूप व्यवस्थापन योजना संशोधन गरिएको हुनेछ। | • अनुसन्धानको प्रतिवेदन।<br>• वन व्यवस्थापन योजना। |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

## परिच्छेद-३
## कार्यान्वयन व्यवस्था

**८. कार्ययोजना तयारी र कार्यान्वयन :** (१) वन व्यवस्थापकले स्थानीय आवश्यकता र औचित्यको आधारमा यस मापदण्डमा उल्लेख भएका सूचकहरुको मर्म बमोजिम हुनेगरी सान्दर्भिक सूचकहरुलाई कार्ययोजनामा समावेश गरी वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी वा परिमार्जन गरी कार्यान्वयन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम कार्ययोजना तयारी वा परिमार्जन गर्दा प्रचलित वन ऐन र नियममा भएका व्यवस्थाले अनिवार्य गरेका सूचकहरु कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

**९. प्रमाणीकरणको कार्य वन तथा भू-संरक्षण विभागले गर्ने गराउनेः** (१) दिगो वन व्यवस्थापनको प्रमाणीकरण गर्ने गराउने कार्य वन तथा भू-संरक्षण विभागले गर्नेछ।

(२) वन तथा भू-संरक्षण विभागले उपदफा (१) बमोजिमको कार्य विभाग आफैं वा यस मापदण्ड बमोजिम विभागमा सूचीकृत भएका कम्पनी वा फर्म मार्फत सूचक साथ संलग्न प्रमाणको अनुगमन, निरीक्षण तथा प्रमाण संकलन गरी गर्ने गराउनेछ।

**१०. प्रमाणीकरणको अधिकार पत्र र लोगो प्राप्तिका लागि निवेदन दिनुपर्ने :** (१) वन व्यवस्थापकले आफूले व्यवस्थापन गरेको वनको दिगो वन व्यवस्थापनको प्रमाण पत्र लिन चाहेमा डिभिजन वन कार्यालय मार्फत् वा सिधै वन तथा भू-संरक्षण विभागमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

(२) वन तथा भू-संरक्षण विभागले आँफै वा सूचीकृत भएका कम्पनी वा फर्म मार्फत सूचकहरुको मूल्याङ्कन गराइ सो को आधारमा दफा १२ को उपदफा (५) र (६) बमोजिमको अङ्क प्राप्त गर्ने वन व्यवस्थापकलाई दिगो वन व्यवस्थापनको प्रमाणपत्र उपलब्ध गराउनेछ ।

**११. प्रमाणीकरण गर्ने कम्पनी वा फर्म सूचीकृत हुनुपर्नेः** (१) यस मापदण्ड अनुसार दिगो वन व्यवस्थापनको प्रमाणीकरण कार्यमा सहभागी हुन चाहने कम्पनी वा फर्मले वन तथा भू-संरक्षण विभागमा सूचीकृत हुनका लागि देहायका कागजात संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(क) प्रचलित कानून बमोजिमको निकायमा दर्ता भएको प्रमाणपत्र,

(ख) कम्तीमा एक जना वन परिषदमा दर्तावाला वन प्राविधिक वा वन विज्ञानमा स्नातक तह पास गरी न्यूनतम तीन वर्षको कार्य अनुभव भएको व्यक्तिसँग भएको सम्झौता तथा निजको नागरिकता प्रमाण-पत्र र वायोडाटा,

(ग) फर्म वा कम्पनीको स्थायी लेखा नम्बरको प्रमाणपत्र र करचुक्ता प्रमाणपत्र।

(२) उपदफा (१) बमोजिम रीतपूर्वक निवेदन प्राप्त भएको पन्ध्र दिन भित्र दिगो वन व्यवस्थापन मापदण्डको प्रमाणीकरण कार्यमा सहभागी हुन योग्यता पुगेका कम्पनी वा फर्मलाई एक पटकमा बढीमा पाँच वर्ष अवधिका लागि वन तथा भू-संरक्षण विभागले अनुसूची-३ बमोजिमको ढाँचामा सूचीकृतको प्रमाण-पत्र उपलब्ध गराउनेछ।

**१२. सूचकहरुको मूल्याङ्कन विधिः** (१) यस मापदण्डको परिच्छेद-२ मा मूल्याङ्कनका लागि समावेश गरिएका कूल १०७ वटा सूचकहरु मध्ये मौजूदा वन व्यवस्थापन पद्धति, वन् व्यवस्थापनको उद्देश्य, वनको अवस्था र किसिम, भौगोलिक अवस्था, समुदायको सामाजिक संरचना लगायतका विविध विषयहरुको आधारमा विभाग आफैं वा दफा ११ को उपदफा (२) बमोजिम सूचीकृतको प्रमाण-पत्र प्राप्त गरेका मूल्याङ्कनकर्ताले सूचकहरुलाई

मूल्याङ्कन प्रकृयामा समावेश गर्न सान्दर्भिक (एप्लिकेवल) र मूल्याङ्कन गर्न असान्दर्भिक (नन-एप्लिकेवल) गरी वर्गीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वर्गीकरणवाट मूल्याङ्कनमा समावेश गर्न सान्दर्भिक (एप्लिकेवल) देखिएका सूचकहरुको मात्र मूल्याङ्कन गर्नुपर्ने र हरेक सूचकको अङ्कभार एक मानी कूल जोडलाई मूल्याङ्कनको पूर्णाङ्क मान्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मूल्याङ्कनमा समावेश गर्न असान्दर्भिक (नन्-एप्लिकेवल) देखिएका हरेक सूचकहरुको कारण सहितको विवरण तयार गरी मूल्याङ्कनकर्ताले विभागमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम मूल्याङ्कन गर्ने क्रममा प्रत्येक सूचक साथ संलग्न प्रमाणको अनुगमन, निरीक्षण तथा प्रमाण संकलन गर्दा सूचकको कार्यान्वयन भएको अवस्था देखिएमा एक अङ्क र कार्यान्वयन भएको नपाइएमा शून्य अङ्क प्रदान गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको मूल्याङ्कनको कार्य सम्पन्न भए पश्चात कूल पूर्णाङ्कको ८० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्ने वन व्यवस्थापकलाई अनुसूची-४ बमोजिमको ढाँचामा दिगो वन व्यवस्थापनको प्रमाणपत्र र अनुसूची-६ बमोजिमको लोगो प्रयोग गर्ने अनुमति समेत प्रदान गरिनेछ।

(६) उपदफा (४) बमोजिमको मूल्याङ्कनको कार्य सम्पन्न भए पश्चात् मूल्याङ्कन गर्दा कूल पूर्णाङ्कको ६० प्रतिशत देखि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने वन व्यवस्थापकलाई शर्तसहितको अनुसूची-५ बमोजिमको ढाँचामा दिगो वन व्यवस्थापनको प्रमाणपत्र मात्र प्रदान गर्न सकिनेछ।

(७) उपदफा (४) बमोजिमको मूल्याङ्कन गर्दा कूल पूर्णाङ्कको ६० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने वन व्यवस्थापकलाई सुधारका पक्षहरु औंल्याई विभागले सुझाव प्रदान गर्न सक्नेछ। यसरी प्राप्त सुझावको कार्यान्वयन गर्नु सम्बन्धित वन व्यवस्थापकको दायित्व हुनेछ। तर यसैको कारण दिगो वन व्यवस्थापनका क्रियाकलापहरु स्वीकृत कार्य योजना बमोजिम सञ्चालन गर्न वाधा पुगेको मानिने छैन।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून वमोजिम अनिवार्य गरिएका प्रावधानहरु पुरा नभएको वनहरु मूल्याङ्कनको लागि योग्य मानिने छैनन्।

(९) उपदफा (८) का लागि मूल्याङ्कनकर्ताले अनुसूची-७ को सहायता लिन सक्नेछन्।

(१०) यस दफा वमोजिम वनको प्रमाणीकरणका लागि मूल्याङ्कनकर्ताले स्थलगतरुपमा अनुसुची-८ मा उल्लेख गरिएको फारम प्रयोग गर्नुपर्नेछ।

**१३. प्रमाणीकरण वापत लाग्ने खर्च व्यवस्थापकले वेहोर्नुपर्नेः** दिगो वन व्यवस्थापनको मापदण्ड अनुसारको प्रमाणपत्र लिन चाहने व्यवस्थापकले दफा ११ वमोजिम सूचीकृत फर्म वा कम्पनीसँग आपसी समझदारी अनुसार शुल्क लिनेदिने गरी प्रमाणीकरण खर्च आफैंले व्यहोर्नु पर्नेछ।

**१४. वन पैदावारको प्रयोगमा प्रवर्द्धनः** (१) दिगो वन व्यवस्थापन प्रमाणपत्र प्राप्त गर्ने व्यवस्थापकहरुको विवरण विभागको वेभसाइट लगायतका संचार माध्यमबाट प्रचारप्रसार गर्नुपर्नेछ।

(२) दिगो वन व्यवस्थापनको प्रमाण-पत्र प्राप्त गरेको वनबाट उत्पादित वन पैदावारको प्रयोग गर्न विभागले प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्न सक्नेछ।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

(३) दिगो वन व्यवस्थापनवाट उत्पादित वन पैदावारमा वन व्यवस्थापकले आफैंले प्राप्त गरेको अनुसुची-६ बमोजिमको लोगोमा आफ्नो वनको नाम समेत थप गरी विभागलाई जानकारी दिई ब्राण्डको प्रयोग गर्न सक्नेछन्।

(४) दिगो वन व्यवस्थापनवाट उत्पादित चिन्ह (लोगो) प्रयोग भएको वन पैदावार उपयोग गर्नु सरकार, समूह र नागरिकको कर्तव्य हुनेछ।

**१५. क्षमता विकासः** विभागले दिगो वन व्यवस्थापनको मूल्याङ्कनमा संलग्न हुने संघ र प्रदेशका कर्मचारी एवं सूचीकृत फर्म वा कम्पनीहरुका लागि तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

**१६. अनुगमनः** (१) सूचीकृत कम्पनी वा फर्मले प्रमाणीकरण सम्पन्न गरेका वनहरु मध्ये कम्तीमा वार्षिक दश प्रतिशत वनको विभाग आफैं वा प्रदेश वन निर्देशनालय मार्फत सूचक छनौट गरी सोही अनुसारका कार्यहरुको अनुगमन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा व्यवस्थापकले गलत गरेको वा सूचक परिपूर्ति नभई अङ्क प्रदान गरेको पाइएमा सम्वन्धित फर्म वा कम्पनीको सूचीकृत प्रमाणपत्र र दिगो वन व्यवस्थापन प्रमाणपत्र समेत खारेज गर्नेछ र प्रचलित कानून बमोजिम कार्वाही गर्न सक्नेछ।

**१७. प्रमाणपत्रको अवधिः** यस मापदण्ड बमोजिम व्यवस्थापकलाई दिइने दिगो वन व्यवस्थापनको प्रमाणपत्रको अवधि चालु कार्ययोजनाको अवधिभर र थप एक वर्षसम्म मान्य रहने। सो म्याद समाप्त भए पछि छ महिना भित्र पुनः मूल्याङ्कन प्रक्रियामा सहभागी भइ दिगो वन व्यवस्थापनको प्रमाण पत्र लिनु पर्नेछ।

**१८. बचाउः** यस मापदण्डमा उल्लेख भएकोमा यस मापदण्डबमोजिम र उल्लेख नभएको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**१९. व्याख्या गर्ने अधिकारः** यस मापदण्डका कुनै विषयमा विवाद भएमा सोको व्याख्या गर्ने अन्तिम अधिकार वन तथा वातावरण मन्त्रालयलाई हुनेछ।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१
(दफा १० को उपदफा १ सँग सम्बन्धित)

## दिगो वन व्यवस्थापनको प्रमाणपत्र प्राप्तिका लागि दिइने निवेदनको ढाँचा

मितिः.........................

श्रीमान् महानिर्देशकज्यू

वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं ।

विषयः- दिगो वन व्यवस्थापनको प्रमाणपत्र पाउँ।

उपरोक्त सम्बन्धमा प्रचलित वन ऐन र नियम बमोजिम स्वीकृत भएको तपसिलको विवरण भएको वनको दिगो वन व्यवस्थापन प्रमाणपत्र प्राप्त गर्ने इच्छा भएको हुँदा आवश्यक जाँचबुझ गरी दिगो वन व्यवस्थापनको प्रमाणपत्र प्रदान गरिदिनु हुन यो निवेदन पेश गरेको छु/छौं।

**तपसिल**

वनको नाम र ठेगानाः-

क्षेत्रफलः-

कार्ययोजना हस्तान्तरण मितिः-

पछिल्लो पटक कार्ययोजना परिमार्जन मितिः-

कार्ययोजनाको अवधिः-

लागू गरिएको वन संवर्द्धन प्रणालीः-

**निवेदकः-**

डिभिजनल वन अधिकृतको नामः- ............... (सरकारद्वारा व्यवस्थित वनको हकमा)

अध्यक्षको नामः-......................... (उपभोक्ता समूहको हकमा)

दस्तखतः-

<u>संलग्न कागजातहरू</u>

१. प्रमाणपत्र प्राप्तिका लागि अनुरोध गरेको समूहको मिति ........... को निर्णय प्रतिलिपि। (उपभोक्ता समूहको हकमा)

२. स्वीकृत कार्ययोजनाको पहिलो दुई पृष्ठको प्रतिलिपि।

३. विधान दर्ता र कार्ययोजना हस्तान्तरण प्रमाणपत्रको प्रतिलिपि (उपभोक्ता समूहको हकमा)।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

अनुसूची-२
(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
**सूचीकृत हुनका लागि दिइने निवेदनको ढाँचा**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः.........................

श्रीमान् महानिर्देशकज्यू
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

विषयः- सूचीकृत गरी पाउँ।

हाम्रो फर्म/कम्पनीले दिगो वन व्यवस्थापनको मापदण्ड, २०८१ बमोजिम वन प्रमाणीकरणको कार्य गर्न इच्छुक भएकोले तपसिलका कागजात संलग्न राखी सूचीकृत गरिदिनु हुन अनुरोध गर्दछु।

निवेदक
फर्म/कम्पनीको आधिकारिक व्यक्तिको
नामः- .........................
हस्ताक्षर

**संलग्न कागजातहरू**

१. प्रचलित कानून बमोजिमको निकायमा दर्ता भएको फर्म वा कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
२. वन परिषदमा दर्तावाला वन प्राविधिक वा वन विज्ञानमा स्नातक तह पास गरी कम्तिमा तीन वर्षको कार्य अनुभव भएको व्यक्तिसँग भएको सम्झौता तथा निजको नागरिकता प्रमाण-पत्र र वायोडाटा।
३. स्थायी लेखा नम्बरको प्रमाणपत्र।
४. करचुक्ता प्रमाणपत्र।
५. विभागले माग गरेका अन्य कागजात।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

अनुसूची-३

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**प्रमाणीकरण गर्न छनौट भएका फर्म/कम्पनीलाई दिइने प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन तथा भू-संरक्षण विभाग**

बबरमहल, काठमाडौं

**दिगो वन व्यवस्थापनको परीक्षणका लागि सूचीकृत प्रमाणपत्र**

मितिः.....................

प्रमाणपत्र नम्बरः- .....................

श्री .....................

.........................

दिगो वन व्यवस्थापनको मापदण्डको प्रमाणीकरण कार्यमा सूचीकृत हुनका लागि यस विभागमा निवेदन दिनुभएकोमा दिगो वन व्यवस्थापन मापदण्ड, २०८१ को दफा ११ को उपदफा (२) बमोजिम ..................... फर्म/कम्पनीलाई सूचीकृत गरी यो प्रमाणपत्र दिइएको छ । मापदण्डको परीक्षण गर्दा निष्पक्ष भई संलग्न प्रमाणपत्रको आधारमा मात्र गर्नुहुन अनुरोध छ।

प्रमाण पत्र दिने

...................

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रूपैयाँ लाग्नेछ।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

अनुसूची-४

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

**दिगो वन व्यवस्थापनको लोगो सहितको प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन तथा भू-संरक्षण विभाग**

बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

**दिगो वन व्यवस्थापनको प्रमाणपत्र**

प्रमाणपत्र नम्बरः- ........................ मितिः........................

श्री ......................

..........................

दिगो वन व्यवस्थापनको मापदण्ड, २०८१ बमोजिम यस विभागबाट परीक्षण गर्दा त्यस .............. समूह/कार्यालयले मापदण्ड पुरा गरेको पाइएकोले यो प्रमाणपत्र दिइएको छ। त्यस ............ वनबाट दिगो वन व्यवस्थापन गरी उत्पादन भएको वन पैदावारको बिक्री वितरण गर्दा मापदण्डको अनुसूची-६ मा उल्लेखित लोगो (संकेत चिन्ह) प्रयोग गर्ने अनुमति समेत प्रदान गरिएको छ।

प्रमाणपत्र दिने

...................

महानिर्देशक

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रूपैयाँ लाग्नेछ।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

अनुसूची-५
(दफा १२ को उपदफा (६) सँग सम्बन्धित)

**दिगो वन व्यवस्थापनको प्रमाणपत्रको ढाँचा**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

## वन तथा भू संरक्षण विभाग

बबरमहल, काठमाडौं

**दिगो वन व्यवस्थापनको प्रमाणपत्र**

प्रमाणपत्र नम्बरः- ......................                                        मितिः......................

श्री ......................

......................

दिगो वन व्यवस्थापनको मापदण्ड, २०८१ बमोजिम यस विभागबाट परीक्षण गर्दा त्यस .............. समूह/कार्यालयले मापदण्डका अधिकांश सूचकहरु कार्यान्वयन गरेको पाइएकोले बाँकी सूचकहरु समेत कार्यान्वयन गर्ने गरी तपशिलका शर्त सहित यो प्रमाणपत्र दिइएको छ।

प्रमाणपत्र दिने

...................

महानिर्देशक

<u>शर्तहरु (सुधार गर्नुपर्ने विषयहरु)</u>

१. ...
२. ...
३. ...
४. ...

द्रष्टव्यः- यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पचास रूपैयाँ लाग्नेछ।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

अनुसूची-६

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

**लोगोको ढाँचा**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

NFC

Nepal Forest Certificate

डा. दीपक कुमार खराल
सचिव

सह-सचिव (प्रा.)

अनुसूची-७

(दफा १२ को उपदफा (९) सँग सम्बन्धित)

मुल्याङ्कनका लागि योग्य हुन अनिवार्य रहेका सूचकहरुको विवरण

| क्र. सं. | सिद्धान्त | मापदण्ड | सूचक र प्रमाण | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १.१ | १ | |
| २ | | १.१ | २ | |
| ३ | | १.६ | ४ | |
| ४ | २ | २.२ | ४ | |
| ५ | ३ | ३.२ | १ | |
| ६ | | ३.२ | ३ | |
| ७ | | ३.३ | १ | |
| ८ | | ३.३ | ८ | |
| ९ | | ३.४ | १ | |
| १० | ४ | ४.१ | १ | |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खराल
सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-८

(दफा १२ को उपदफा (१०) सँग सम्बन्धित)

## बन प्रमाणीकरणका लागि स्थलगत रुपमा प्रयोग गरिने फारमको नमूना

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| बनको नाम:...................... | ठेगाना:...................... | विभागको कोड: ...................... |
|---|---|---|

| क्र. सं. | मापदण्ड | सूचक | अनिवार्य शर्त | मूल्याङ्कनमा समावेश गर्न | | मूल्याङ्कन गर्दा प्राप्त गरेको अंक | असान्दर्भिक (नन् एप्लिकेवल) भए सोको कारणहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | सान्दर्भिक (एप्लिकेवल) | असान्दर्भिक (नन् एप्लिकेवल) | | |
| १ | 1.1 | १ | हो | १ | | | |
| २ | 1.1 | २ | हो | १ | | | |
| ३ | 1.2 | १ | होइन | | | | |
| ४ | 1.2 | २ | होइन | | | | |
| ५ | 1.2 | ३ | होइन | | | | |
| ६ | 1.3 | १ | होइन | | | | |
| ७ | 1.3 | २ | होइन | | | | |
| ८ | 1.4 | १ | होइन | | | | |
| ९ | 1.4 | २ | होइन | | | | |
| १० | 1.5 | १ | होइन | | | | |
| ११ | 1.5 | २ | होइन | | | | |
| १२ | 1.5 | ३ | होइन | | | | |
| १३ | 1.6 | १ | होइन | | | | |
| १४ | 1.6 | २ | होइन | | | | |
| १५ | 1.6 | ३ | होइन | | | | |
| १६ | 1.6 | ४ | हो | १ | | | |
| १७ | 1.6 | ५ | होइन | | | | |
| १८ | 1.6 | ६ | होइन | | | | |
| १९ | 2.1 | १ | होइन | | | | |
| २० | 2.1 | २ | होइन | | | | |
| २१ | 2.1 | ३ | होइन | | | | |
| २२ | 2.2 | १ | होइन | | | | |
| २३ | 2.2 | २ | होइन | | | | |
| २४ | 2.2 | ३ | होइन | | | | |

सहं-सचिव (प्रा.)

डा. दीपक कुमार बराल

| क्र. सं. | मापदण्ड | सूचक | अनिवार्य शर्त | मूल्याङ्कनमा समावेश गर्न | | मूल्याङ्कन गर्दा प्राप्त गरेको अंक | असान्दर्भिक (नन् एप्लिकेवल) भए सोको कारणहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | सान्दर्भिक (एप्लिकेवल) | असान्दर्भिक (नन् एप्लिकेवल) | | |
| २५ | 2.2 | ४ | हो | १ | | | |
| २६ | 2.2 | ५ | होइन | | | | |
| २७ | 2.2 | ६ | होइन | | | | |
| २८ | 2.3 | १ | होइन | | | | |
| २९ | 2.3 | २ | होइन | | | | |
| ३० | 2.4 | १ | होइन | | | | |
| ३१ | 2.4 | २ | होइन | | | | |
| ३२ | 2.5 | १ | होइन | | | | |
| ३३ | 2.5 | २ | होइन | | | | |
| ३४ | 2.5 | ३ | होइन | | | | |
| ३५ | 2.5 | ४ | होइन | | | | |
| ३६ | 2.5 | ५ | होइन | | | | |
| ३७ | 2.5 | ६ | होइन | | | | |
| ३८ | 2.6 | १ | होइन | | | | |
| ३९ | 2.6 | २ | होइन | | | | |
| ४० | 2.6 | ३ | होइन | | | | |
| ४१ | 2.6 | ४ | होइन | | | | |
| ४२ | 2.6 | ५ | होइन | | | | |
| ४३ | 2.6 | ६ | होइन | | | | |
| ४४ | 2.7 | १ | होइन | | | | |
| ४५ | 2.7 | २ | होइन | | | | |
| ४६ | 2.7 | ३ | होइन | | | | |
| ४७ | 2.7 | ४ | होइन | | | | |
| ४८ | 2.7 | ५ | होइन | | | | |
| ४९ | 3.1 | १ | होइन | | | | |
| ५० | 3.1 | २ | होइन | | | | |
| ५१ | 3.1 | ३ | होइन | | | | |
| ५२ | 3.2 | १ | हो | १ | | | |
| ५३ | 3.2 | २ | होइन | | | | |
| ५४ | 3.2 | ३ | हो | १ | | | |
| ५५ | 3.2 | ४ | होइन | | | | |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खरल
सचिव

| क्र. सं. | मापदण्ड | सूचक | अनिवार्य शर्त | मूल्याङ्कनमा समावेश गर्न | | मूल्याङ्कन गर्दा प्राप्त गरेको अंक | असान्दर्भिक (नन् एप्लिकेवल) भए सोको कारणहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | सान्दर्भिक (एप्लिकेवल) | असान्दर्भिक (नन् एप्लिकेवल) | | |
| ५६ | 3.2 | ५ | होइन | | | | |
| ५७ | 3.2 | ६ | होइन | | | | |
| ५८ | 3.2 | ७ | होइन | | | | |
| ५९ | 3.2 | ८ | होइन | | | | |
| ६० | 3.3 | १ | हो | १ | | | |
| ६१ | 3.3 | २ | होइन | | | | |
| ६२ | 3.3 | ३ | होइन | | | | |
| ६३ | 3.3 | ४ | होइन | | | | |
| ६४ | 3.3 | ५ | होइन | | | | |
| ६५ | 3.3 | ६ | होइन | | | | |
| ६६ | 3.3 | ७ | होइन | | | | |
| ६७ | 3.3 | ८ | हो | १ | | | |
| ६८ | 3.4 | १ | हो | १ | | | |
| ६९ | 3.4 | २ | होइन | | | | |
| ७० | 3.4 | ३ | होइन | | | | |
| ७१ | 3.4 | ४ | होइन | | | | |
| ७२ | 3.4 | ५ | होइन | | | | |
| ७३ | 3.4 | ६ | होइन | | | | |
| ७४ | 3.4 | ७ | होइन | | | | |
| ७५ | 3.4 | ८ | होइन | | | | |
| ७६ | 3.4 | ९ | होइन | | | | |
| ७७ | 3.5 | १ | होइन | | | | |
| ७८ | 3.5 | २ | होइन | | | | |
| ७९ | 3.5 | ३ | होइन | | | | |
| ८० | 3.5 | ४ | होइन | | | | |
| ८१ | 3.6 | १ | होइन | | | | |
| ८२ | 3.6 | २ | होइन | | | | |
| ८३ | 3.6 | ३ | होइन | | | | |
| ८४ | 3.6 | ४ | होइन | | | | |
| ८५ | 3.7 | १ | होइन | | | | |

सह-सचिव (प्रा.)

डा. दीपक कुमार
सचिव

| क्र. सं. | मापदण्ड | सूचक | अनिवार्य शर्त | मूल्याङ्कनमा समावेश गर्न | | मूल्याङ्कन गर्दा प्राप्त गरेको अंक | असान्दर्भिक (नन् एप्लिकेवल) भए सोको तथा कारणहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | सान्दर्भिक (एप्लिकेवल) | असान्दर्भिक (नन् एप्लिकेवल) | | |
| ८६ | 3.7 | २ | होइन | | | | |
| ८७ | 4.1 | १ | होइन | १ | | | |
| ८८ | 4.1 | २ | होइन | | | | |
| ८९ | 4.1 | ३ | होइन | | | | |
| ९० | 4.2 | १ | होइन | | | | |
| ९१ | 4.3 | १ | होइन | | | | |
| ९२ | 4.4 | १ | होइन | | | | |
| ९३ | 4.4 | २ | होइन | | | | |
| ९४ | 4.4 | ३ | होइन | | | | |
| ९५ | 4.4 | ४ | होइन | | | | |
| ९६ | 5.1 | १ | होइन | | | | |
| ९७ | 5.1 | २ | होइन | | | | |
| ९८ | 5.1 | ३ | होइन | | | | |
| ९९ | 5.1 | ४ | होइन | | | | |
| १०० | 5.1 | ५ | होइन | | | | |
| १०१ | 5.1 | ६ | होइन | | | | |
| १०२ | 5.1 | ७ | होइन | | | | |
| १०३ | 5.1 | ८ | होइन | | | | |
| १०४ | 5.2 | १ | होइन | | | | |
| १०५ | 5.2 | २ | होइन | | | | |
| १०६ | 5.2 | ३ | होइन | | | | |
| १०७ | 5.2 | ४ | होइन | | | | |
| जम्मा | | | | १० | ० | | |
| प्राप्त गरेको अंक प्रतिशतमा | | | | | ० | | |

| प्रमाणपत्रको तह (लोगो सहित वा शर्त सहित वा नपाउने कुन हो खुलाउने) | .......................... |
|---|---|

१. कुनै पनि वनले माथिका १० वटै अनिवार्य सूचकमा पुरा अङ्क प्राप्त गरेमा मात्र प्रमाणीकरणको दायरामा ल्याउनु पर्नेछ ।

२. कुनै सूचक असान्दर्भिक भएमा यस फारमको पाचौं स्तम्भमा शून्य अङ्क प्रदान गर्नु पर्नेछ । यस सन्दर्भमा छैठौं स्तम्भको असान्दर्भिक (नन्एप्लिकेवल) मा अङ्क प्रदान नगर्ने । यस फारमको छैठौं स्तम्भमा कुनै पनि अङ्क प्रदान गर्न नपर्ने।

३. मूल्याङ्कन सम्पन्न भए पश्चात् प्राप्त गरेको कुल अङ्कलाई प्रतिशतमा परिवर्तनका लागि सातौं स्तम्भको जम्मालाई पाचौं स्तम्भको जम्माले भाग गरी १०० ले गुणा गर्नु पर्नेछ । यसरी हुन आउने प्रतिशतबाट प्रमाणपत्रको तह निर्धारण गर्नुपर्नेछ ।

सह-सचिव (प्रा.)

डा. दीपक कुमार खरेल
सचिव